आज मिति २०७५।०१।२८ गतेका दिन नगर प्रमुख श्री मोहन कुमार श्रेष्ठज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिम छलफल एवं निर्णय गरियो ।

**कार्यपालिकाका निर्णयहरु :**

१. सिद्धिचरण नगर कार्यपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वय गर्न बनेको विधेयक २०७४ को दफा २ अनुसार नगरपालिका क्षेत्रभित्र एकीकृत सम्पत्ति कर लगाउने भन्ने प्रावधान भएअनुसार सिद्धिचरण नगरपालिकाबाट कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको कानून (मस्यौदा), २०७५ नगरसभामा पेस गर्ने गरी पारित गर्ने निर्णय गरियो ।

२. **एकीकृत सम्पत्ति करको प्रकृया अगाडि बढाउन देहाय बमोजिमका कार्यहरु गर्ने**

- २०७५ श्रावण १ गतेदेखि एकीकृत सम्पत्ति कर लागु गर्ने कानूनी व्यवस्था भएअनुसार एकीकृत सम्पत्ति कर प्रकृया अगाडि बढाउन खर्च नभएको शीर्षकबाट रकम व्यवस्था गरी निम्न विवरण अनुसारको कार्यक्रम कार्यान्वयन गर्ने ।

**निम्न**

| सि.नं. | कार्यक्रमको विवरण | संख्या | प्रति इकाई दररेट | अनुमानित रकम रू. | कैफियत |
|---|---|---|---|---|---|
| १ | कम्प्युटर, प्रिन्टर | १+१=२ | | १,२३,०००।- | डेक्सटप, फो इन वान प्रिन्टर |
| २ | वडा वाइज दराज | १२ | २७५००।- | ३,३०,०००।- | १००० देखि १५०० फायल अट्ने १५ कोठा ७×४ फिटको |
| ३ | अफिसको लागि दराज | १ | १७०००।- | १७,०००।- | |
| ४ | अफिसको लागि कुर्सि काठको लामो | २ | १५०००।- | ३०,०००।- | |
| ५ | फाराम छपाई तथा फायल | १५००० | २६ | ४,००,०००।- | |
| ६ | सफ्टवेयर जडान, विविध समेत | | | ५०,०००।- | |
| ७ | कर्मचारीहरुको तालिम | | | ४०,०००।- | |
| ८ | डाटा सङ्कलनको लागि जनशक्ति | २४ | १००००।- का दर ले | २,४०,०००।- | |
| ९ | अभिमूखिकरण तालिम नगरपालिकामा | १२ | | ६०,०००।- | |
| १० | अफिस व्यवस्थापन, कार्पेट, रङ्गरोगन व्यवस्थापन | | | ३०,०००।- | |
| ११ | डाटा सङ्कलक जनशक्ति तालिम, खाजा, स्टेशनरी | | | ५०,०००।- | |
| १२ | अन्य विविध | | | ३०,०००।- | |
| | | | **जम्मा** | **१४,००,०००।-** | |

- प्रत्येक वडाबाट जग्गाको क्षेत्र विभाजन तथा मूल्याङ्कन प्रस्ताव एवम् संरचनाको वर्गीकरण यथाशिघ्र उपलब्ध गराउने निर्णय गरियो ।
- एकीकृत सम्पत्ति कर व्यवस्थापन गर्न निम्न अनुसार घर जग्गा मूल्याङ्कन समिति गठन गर्ने निर्णय गरियो ।

  १. संयोजक - इन्जिनियर श्री दिब्य श्रेष्ठ

  २. सदस्य - इन्जिनियर श्री पविन धिताल, शहरी विकास भवन निर्माण डिभिजन कार्यालय

  ३. सदस्य सचिव - ना.सु. श्री रमेश धमला
- एकीकृत सम्पत्ति कर इकाई स्थापना गर्नको लागि कार्यालय कक्षको व्यवस्था लगायतका अन्य पूर्वाधार तयार गर्न उपयुक्त शीर्षकबाट तथा शीर्षक परिवर्तन गरी नियमानुसार खर्च गरी सोको अनुमोदन नगरसभाबाट गराउने निर्णय गरियो ।
- एकीकृत सम्पत्ति कर सम्बन्धी प्रकृया लगायतका कार्यहरु अगाडि बढाउन २०७५ आषाढ मसान्त सम्मको लागि १ जना प्राविधिक (अमिन) करारमा नियुक्ति गर्ने साथै नगरपालिकालाई तुरुन्तै अन्य कर्मचारीहरु आवश्यक परेमा आगामी आषाढ मसान्त सम्मको लागि करार वा दैनिक ज्यालादारीमा नियुक्ति दिई कामकाज लगाउने निर्णय गरियो ।

३. ओखलढुङ्गा खानेपानी सहलगानी तथा सरसफाई आयोजनाको लागि जग्गा उपलब्ध गराउने भन्ने प्राप्त पत्रको सम्बन्धमा नगरपालिकाबाट प्रतिवद्धता पत्र पठाई सकिएको सन्दर्भमा सो को अनुमोदन गर्ने निर्णय गरियो ।

४. CCTV जडानको लागि नेतृत्वदायी भूमिका खेल्ने भन्ने जिल्ला प्रहरी कार्यालयबाट प्राप्त निर्णय सहितको पत्रको सन्दर्भमा सम्बन्धित सरोकारवालाहरुलाई बोलाई छलफल गराई CCTV जडान सम्बन्धी व्यवस्था मिलाउने निर्णय गरियो ।

५. नगरमा औषधि वितरणको पर्याप्तता/अपर्याप्तता सम्बन्धमा सम्बन्धित शाखाबाट विवरण (List) माग गरी औषधि अपुग हुने देखिएमा अपुग हुने औषधिको व्यवस्थापन गर्ने निर्णय गरियो ।

६. आवद्यिक योजना एवम् नगर प्रोफाईल बनाउने सम्बन्धी मनकामना अध्ययन केन्द्र ठिमी भक्तपुरलाई जिम्मेवारी दिई कार्य अगाडि बढिरहेकोमा तोकिएको म्याद भित्र कार्य सम्पन्न गर्न नसकिने देखिएकोले म्याद थपको लागि सम्बन्धित अध्ययन केन्द्रबाट निवेदन पर्न आएको हुँदा सो सम्बन्धी आजको बैठकमा व्यापक छलफल भई २०७५ आषाढ १० सम्म म्याद थप गरी सो अवधि अगावै कार्यसम्पन्न गर्न निर्देशन समेत दिने निर्णय गरियो ।

७. महालेखा परिक्षकको कार्यालयबाट प्राप्त लेखा परिक्षण प्रतिवेदन माथि छलफल भई प्रतिवेदनमा उल्लेखित वेरुजु नियमानसार यथाशिघ्र फछ्र्यौट प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

८. यस सिद्धिचरण नगरपालिकालाई आवश्यक पर्ने शिक्षा नियमावली, २०७५ 'घ' वर्गको व्यवसाय दर्ता सम्बन्धी कार्यविधि, २०७५ एफ्.एम्. रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७५ विज्ञापन कर निर्देशिका, २०७५ बजार अनुगमन निर्देशिका, २०७५ फोहोरमैला व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७५ र स्थानीय राजपत्रमा प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ पारित गर्ने निर्णय गरियो ।

९. हालसम्मको विकास निर्माण लगायतका कार्य प्रगतिको विवरण शाखा प्रमुखहरुबाट प्रस्तुत भई छलफल भयो र आगामी बैठकहरुमा अझ प्रष्टरुपमा प्रस्तुति गर्न सम्बन्धित शाखा प्रमुखलाई निर्देशन गर्ने निर्णय गरियो ।

१०. उच्च अदालत विराटनगर अस्थायी इजालास ओखलढुङ्गाको जग्गा उपलब्ध गराउने विषयको च.नं.२००, मिति २०७५।०१।२५ को पत्रको सन्दर्भमा व्यापक छलफल हुँदा हाल सिद्धिचरण नगरपालिका वडा नं. ११

मा यस सिद्धिचरण नगरपालिकाको स्वामित्वमा रहेको कि.नं. १५२८ क्षे.फ. ३-०-०-० र १५३० क्षे.फ. ३-०-०-० समेत गरी जम्मा क्षेत्रफल ६ रोपनी जग्गा दिने सम्बन्धमा आजको बैठकमा व्यापक छलफल हुँदा उच्च अदालत विराटनगर अस्थायी इजालास ओखलढुङ्गालाई न्यूनतम मूल्य लिई उक्त जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

११. फोहोरमैला व्यवस्थापन, बाटो अवरोध हटाउने, पार्किङ्ग व्यवस्था गर्ने, सिद्धिचरण राजमार्ग सडक क्षेत्रधिकार भित्र बनेका घर टहरा हटाउने सम्बन्धी नगरपालिकाको प्रकाशित सूचनाको सम्बन्धमा छलफल भयो । सो सम्बन्धमा फोहोरमैला व्यवस्था गर्न, बाटोका अवरोध हटाउन अव्यवस्थित पार्किङ्ग व्यवस्थापन गर्न योजना बनाई कार्यान्वयन गर्ने साथै सिद्धिरचरण राजमार्ग सडक क्षेत्रधिकार भित्र बनेका घर टहरा हटाउने सम्बन्धमा सडक डिभिजन कार्यालय हर्कपुर टोक्सेल ओखलढुङ्गा सँग समन्वय गरी उक्त सडक सम्बन्धीको व्यवस्था के छ एकिन गरी आवश्यक प्रकृया अगाडि बढाउने ।

१२. नगरपालिकामा विभिन्न शीर्षकबाट हुने खर्चमा उच्चतम मितव्ययिता अपनाउने र सभाले पारित गरेको आन्तरिक राजश्व लक्ष्य वा लक्ष्य भन्दा माथि उठाउन सबै पक्षबाट पहल गर्ने निर्णय गरियो ।

१३. यस आ.व.२०७४।०७५ को तथा गत वर्षको मालपोत वक्यौता वडा कार्यालयबाट सूचना समेत प्रकाशन गरी असुल गर्ने सम्बन्धमा छलफल हुँदा यथाशिघ्र वडा कार्यालय मार्फत कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

१४. नगरका विभिन्न विद्यालयमा पाठ्यपुस्तक पुगे नपुगेको वारे मन्त्रालयको प्राप्त पत्रको सन्दर्भमा छलफल भई पाठ्यपुस्तक समयमा सम्बन्धित विद्यालयहरुमा पुऱ्याउन शिक्षा शाखा प्रमुख समेतको समन्वयमा वडा कार्यालयबाट पहल गर्ने निर्णय गरियो ।

१५. सबै विषयगत कार्यालयका शाखाहरु नगरपालिकामा स्थापना गरी कार्यसूचारू गर्न सम्बन्धित निकायमा पत्राचार समेत गरी विषयगत शाखा पूर्णरुपमा स्थापना गर्ने निर्णय गरियो ।

१६. भूकम्प पुनर्निर्माणको कामलाई छिटो छरितो र गुणात्मकरुपमा सेवा प्रवाह गर्न शहरी पूर्वाधार विकास शाखाले विशेष पहल गरी सहज बनाउने निर्णय गरियो ।

१७. निकट भविष्यमा शुरु हुने वर्षाको कारण सिद्धिचरण नगरपालिका क्षेत्रभिका सडकहरु विग्रिने सम्भावना रहेको हुँदा २०७५ आषाढ देखि २०७५ असोज सम्म जम्मा ४ महिना प्रति व्यक्ति रू. ५०००।- (अक्षेरुपी पाँच हजार) पारिश्रमिक दिने गरी निम्न सडकमा निम्न संख्या अनुसारका सडक हेरालु नियमानुसार राख्ने निर्णय गरियो ।

१. मिलनचोक देखि निशंखे सम्म-३ जना ।
२. मिलनचोक देखि सल्लेरी बेतिनी सम्म-२ जना ।
३. ओखलढुङ्गा देखि ज्यामिरे सम्म-२ जना ।
४. मिलनचोक देखि सपनावति मन्दिर हुँदै रुम्जाटार सम्म-२ जना ।
५. ठाडेमैदाने सडक -२ जना ।
६. घुन्सादेखि विगुटार सम्म -२ जना ।
७. रमाईलो डाँडादेखि लिपेखोला सम्म - १ जना ।

१८. नगरपालिका क्षेत्रका सामुदायिक विद्यालयका निजी स्रोतका शिक्षकहरुको विवरण रसमायोजन (मर्ज) गर्नु पर्ने विद्यालयको विवरण सम्बन्धित शिक्षा शाखाको पहलमा सम्बन्धित वडा कार्यालयबाट यथासक्य छिटो नगरपालिकामा उपलब्ध गराउने निर्णय गरियो ।

१९. संविधान र ऐनको व्यवस्था अनुसार न्यायिक समितिलाई सुचारू गर्न आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

२०. वडाको समग्र विकासको लागि सम्बन्धित वडा अध्यक्षको पहलमा वडाको भिजन सहितको कार्ययोजना बनाई आगामि बैठकहरुमा पेस गरी कार्यान्वयन गर्ने तर्फ आवश्यक योजना बनाउने निर्णय गरियो ।

२१. नगरपालिका क्षेत्रभित्रका सडक बत्तिहरु नबल्ने भई समस्या भएको भन्ने गुनासो समेत आएको सन्दर्भमा बत्ति जडान गर्ने सम्बन्धित पक्षलाई समेत बोलाई आवश्यक छलफल गरी सडक बत्ति बल्ने व्यवस्था सम्बन्धित शाखाबाट मिलाउनुका साथै यस आ.व.मा जडान हुने सौर्य सडक बत्तिमा नगद लागत सहभागीता हुने वडा तथा स्थानहरुमा बत्ति जडान गर्ने निर्णय गरियो ।

२२. स्थानीय तह संचालन ऐनमा भएको प्रावधान अनुसार नगरपालिकाबाट संचालित योजनाको लागत परिमाण समय सीमा र गुणस्तरियताका आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनको लागि निम्नानुसारको अनुगमन तथा सुपरिवेक्षण समितिको गठन गरियो ।

१. संयोजक - उपप्रमुख श्री इच्छा कुमारी गुरुङ
२. सदस्य - प्रमुख प्रशासकीय अधिकृत श्री भोजराज खतिवडा
३. सदस्य - वडा अध्यक्ष श्री कृष्ण बहादुर कार्की
४. सदस्य - कार्यपालिका सदस्य श्री अनिता गुरुङ
५. सदस्य सचिव - योजना शाखा प्रमुख श्री राजेन्द्र कुमार खत्री

२३. नगरपालिका क्षेत्रमा कुनै पनि योजनाहरु संचालन गर्न आवश्यक भएमा त्यस्ता योजना संचालन गर्नका लागि मिल्दो शीर्षकबाट संशोधन (रकमान्तर) गरी वजेट व्यवस्था हुने अवस्था रहेमा नियमानुसार लागत स्टीमेट गराई त्यस्ता योजनाहरुलाई प्राथमिकताको आधारमा संचालन गर्ने निर्णय गरियो ।

२४. यस सिद्धिचरण नगरपालिकाको कार्यालय भवन निर्माण गर्ने सम्बन्धमा व्यापक छलफल हुँदा नगरपालिकाको कार्यालय भवन जति सक्दो चाँडो निर्माण गर्नु पर्ने आवश्यकता भएको आजको बैठकले महशुस गरी स्थानीय तह पुनर्संरचना हुँदा नेपाल सरकारबाट सिद्धिचरण नगरपालिकाको केन्द्र साविक सिद्धिचरण नगरपालिकाको कार्यालय तोकेको सन्दर्भलाई समेत मध्येनजर गर्दै सिद्धिचरण नगरपालिका वडा नं. १२ स्थित हाल नगरपालिकाको कार्यालय संचालन भईरहेको भवनको पूर्वतर्फ रहेका तत्कालिन सगरमाथा प्राथमिक विद्यालय भवन सहितको जग्गा उक्त विद्यालय समायोजन (मर्च) भई खाली अवस्थामा रहेकोले सगरमाथा प्राथमिक विद्यालयको नाममा रहेको उक्त स्थानको जग्गामा यस नगरपालिकाको कार्यालय भवन निर्माण गर्न आवश्यक प्रकृया पुरा गरी भवन निर्माण प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

२५. यस सिद्धिचरण नगरपालिकामा भएको रोलर मेशिन भाडामा दिदा तपसिल बमोजिमको शुल्क लिएर दिने निर्णय भयो ।

**तपसिल**

१. रोलर मेशिनको दैनिक भाडादर रू. ६०००।- (अक्षेरुपी छ हजार) इन्धन बाहेक ।
२. अपरेटर नगरपालिका कै हुने र अपरेटरको तलब बाहेकको सेवा सुविधा रोलर भाडामा लिने पक्षले व्यहोर्नु पर्ने ।
३. ८ (आठ) घण्टा बराबर १ (एक) दिन गणना हुने ।
४. रोलर मेशिन लाने ल्योन दायित्व भाडामा लाने पक्षको हुनेछ ।
५. रोलर संचालन गर्दा गर्दै विग्रिएमा मर्मत गर्ने जिम्मेवारी भाडामा लिने पक्षको हुनेछ ।
६. जुन अवस्थामा रोलर बुझेको छ बुझाउन ल्याउदा सोही अवस्थामा भएको हुनु पर्नेछ ।

२६. यस सिद्धिचरण नगरपालिका अन्तर्गत वडा नं. ११ र १२ लाई लक्षित गरी संचालन हुन गईरहेको सहलगानी खानेपानी कार्यक्रम अन्तर्गत १०% (प्रतिशत) रकम उपभोक्ता समितिको तर्फबाट जम्मा भएपछि आवश्यक प्रकृया अगाडि बढ्ने व्यवस्था भएअनुसार उक्त रकम उपभोक्ताहरुले मात्र जम्मा गर्न हाललाई सम्भव नदेखिएकोले सो सम्बन्धमा उपभोक्ता समिति र नगरपालिका बीच पटक पटक छलफल हुँदा हाललाई जम्मा गर्नुपर्ने रकम रु.६१,००,०००।- (अक्षेरुपी एकसट्ठी लाख) मध्ये रु.२१,००,०००।- (अक्षेरुपी एक्काईस लाख) उपभोक्ताहरुबाट संकलन भएको र रु.४०,००,०००।- (अक्षेरुपी चालिस लाख) रकम यस नगरपालिकाले पछि फिर्ता हुने गरी जिम्मेवारी लिई कुनै संघ संस्थाहरुबाट प्राप्त भएमा त्यस्ता संघ संस्थाबाट रकम सापटी लिई धरौटीको लागि सम्बन्धित निकायमा पठाउने र संघ संस्थाबाट प्राप्त नभएमा नगरपालिकाको मौज्दात रकमबाट हाललाई उक्त सहलगानी खानेपानी कार्यक्रम संचालन गर्न सम्बन्धित उपभोक्ता समितिलाई दिने निर्णय गरियो ।